लुम्बिनी प्रदेश सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) बाङ

पत्र संख्या : २०७८/०७९

चलानी नं. :

मिति: २०७९/१०/२२

विषयः खुला कविता वाचन प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रदेश स्थापना दिवसको अवसरमा मिति २०७९/११/०२ गते तपसिल बमोजिमको मिति, समय र स्थानमा प्रदेश स्तरीय खुला कविता वाचन प्रतियोगिता आयोजना गरिएकोले सो प्रतियोगितामा भाग लिन चाहने इच्छुक व्यक्तिले **" समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश "** शीर्षकमा कविता लेखी आफ्नो कविता मिति २०७९/१०/२७ गते कार्यालय समय भित्र यस मन्त्रालयको इमेल ठेगाना eduprogramme78@gmail.com मा बिद्युतीय माध्यमबाट दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । छोटो सूचीमा छनौटमा परेका कविताका रचनाकार स्वयंले आफ्नो कविता यस मन्त्रालयको आयोजनामा मिति २०७९/११/०२ गतेको कार्यक्रममा उपस्थित भइ वाचन गर्नु पर्नेछ ।

<u>तपसिल</u>

मितिः २०७९ /११/०२ मंगलबार

समयः बिहान ११.०० बजे ।

स्थान : शिक्षा तथा खेलकुद मन्त्रालय देउखुरी (राप्ती गाउपालिका वडा नं.८ को कार्यालय भवन)

शर्तहरू:

- कविता नेपाली भाषामा बढीमा २०० शब्द सम्मको हुनुपर्नेछ ।
- प्रतियोगी आफैले रचना गरेको कविता वाचन गर्नुपर्नेछ ।
- प्रतियोगी लुम्बिनी प्रदेशको बासिन्दा वा लुम्बिनी प्रदेश भित्रका कार्यालयहरुमा कार्यरत कर्मचारी हुनुपर्नेछ ।
- छोटो सूचीमा छनौट भए पनि मिति २०७९/११/०२ गतेको कार्यक्रममा वाचन नगर्ने कविताको अन्तिम मुल्याङ्कन गरिने छैन ।
- सहभागीले कविताको शिर्षक भन्दा माथि आफ्नो नाम, थर, ठेगाना, फोन नं. लेखेर हस्ताक्षर गरी पठउनु पर्नेछ ।
- पुरस्कार रकमः प्रथम रु.१५०००। द्वितीय रु.१२०००। तृतीय रु.१००००। सान्त्वना रु.३०००। प्रदान गरिनेछ ।पुरस्कार रकममा नियमानुसार करकट्टी हुनेछ।